# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
३ नं. प्रदेश, नेपाल


## विज्ञप्ती

मिति :- २०७६/०९/१३

आज मिति २०७६/०९/१३ गते केही संचार माध्यमद्वारा नेपाली कांग्रेस मरिण गाउँ कार्यसमितिको मिति २०७६/०९/१२ गतेको प्रेस विज्ञप्तीसँग जोडिएर सम्प्रेषण भएको समाचार प्रति यस कार्यालयको गम्भीर ध्यानआकर्षण भएको छ । उक्त समाचारमा नदीजन्य पदार्थ उत्खनन सम्बन्धी ठेक्का कार्यसँग जोडेर मरिण गाउँपालिका अध्यक्षवारे भ्रामक र पुर्वाग्रही समाचार सम्प्रेषण भएकोमा यस गाउँपालिकाद्वारा खण्डन गरिन्छ । राज्यको चौथो अंगको रुपमा संचार जगत रहेकोमा संचार माध्यमद्वारा आधिकारीक रुपमा सत्यतथ्य नबुझी यस प्रकारको एकपक्षीय समाचार प्रकाशन गरेको प्रति गाउँपालिका खेद प्रकट गर्दछ । सर्वपक्षिय सहयोग र समन्वयमा राष्ट्रिय स्तरको धरान-चतरा-गाईघाट-सिन्धुली-हेटौंडा सडक आयोजनालाई समयमानै सम्पन्न गराउने वातावरण सिर्जना गर्नेतर्फ गाउँपालिका प्रतिवद्ध रहेको र यस गाउँपालिकाको विकासमा सबै पक्षको सहयोग र साझेदारी आवश्यक रहेको हुँदा सोही अनुसार आ-आफ्नो तर्फवाट सक्दो योगदान पुऱ्याउनु हुनेछ भन्ने विश्वास लिईएको छ ।

.............................
टार्जन कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

टार्जन कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत